वर्ष ७

अङ्क २

माघ, २०८१

# उद्यमशीलता त्रैमासिक बुलेटिन (कात्तिक-पुस, २०८१)

नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

# बुलेटिनभित्र......


१. तथ्याङ्कमा उद्योग

२. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधन

३. स्टार्टअप प्रवर्द्धन

४. आपूर्ति तथा उपभोक्ता संरक्षण

५. वाणिज्य क्षेत्र

६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

७. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरु

**सम्पादकीय**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी र उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलव्धी सम्वन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अंकमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८१।०८२ को दोस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरू र प्रमुख उपलबधीहरु समेटिएका छन्।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म मन्त्रालयले विविध नीतिगत र कार्यक्रमगत प्रयास मार्फत औद्योगिक वातावरण सुधार तथा उद्योग व्यवसायलाई सहजीकरण सम्बन्धी कार्य गरेको छ। उद्योग र लगानी प्रवर्धनको लागि सकारात्मक योगदानको वातावरण तयार गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्थाका लागि अध्ययन कार्यहरु प्रारम्भ भएको छ।


आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि औद्योगिक क्षेत्रमा लगानी बढाई उत्पादन अभिवृद्धिमा जोड दिनुपर्छ। यसको लागि औद्योगिक वातावरण लगानीमैत्री बनाउन नीतिगत पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

-सम्पादक मण्डल

## १. तथ्याङ्कमा उद्योग

### १.१ उद्योग दर्ता

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा जम्मा ३३८ वटा उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगहरुमा रु. १०२ अर्व ९९ करोड लगानी र १६,८६५ रोजगारी प्रस्ताव भएको छ। दर्ता भएका जम्मा उद्योग मध्ये ठुला उद्योगको संख्याः २४, मझौला उद्योगको संख्याः १७ र साना उद्योगको संख्याः २९७ रहेको छ।




**स्रोतः उद्योग विभाग**

### १.२ विदेशी लगानीः

चालु आ.व. को दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागबाट २०० वटा विदेशी लगानीका आयोजना/उद्योगहरु स्वीकृत भएका छन्। सो मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरुको सङ्ख्या १५४ रहेको छ। उद्योगहरुमा कुल रु. २५ अर्व ७७ करोड विदेशी लगानी र १०,२४४ रोजगारी सिर्जना हुने प्रस्ताव गरिएको छ।

### १.३ प्याटेन्ट, डिजाईन र ट्रेडमार्कः

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा विभिन्न वस्तु तथा सेवाका २,०३४ वटा ट्रेडमार्क दर्ता भएका छन्। सोहि अवधिमा ५७ वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारवाही टुङ्गो/किनारा लगाईएको छ। ट्रेडमार्क दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीबाट गर्न Trademark, Patent, Design Registration Management Information System (TPDRMIS) कार्यान्वयमा ल्याइएको छ।

## २. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधनः

लघु, घरेलु तथा साना उद्योग राष्ट्रिय नीति, २०८१, सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग सम्बन्धी निर्देशिका, २०८१, औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, कार्यविधि, २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ मार्फत कम्पनी ऐन, २०६३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवासय ऐन, २०७६ मा संशोधन गरिएको छ।

औद्योगिक सम्पत्ति विधेयक, औद्योगिक व्यवसाय नियमावली (प्रथम संशोधन) २०८१ र खानी तथा खनिज पदार्थ नियमावली (पाँचौ संशोधन, २०८१ मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पेश गरिएको छ। स्टार्टअप उद्यम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ र उद्यम सम्वर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदा तर्जुमा भई राय/सहमती लिने क्रममा रहेको छ।

कम्पनी ऐन, २०८१ को मस्यौदा र व्यावसायिक सामाजिक जिम्मेवारी कार्यान्वयन कार्यविधि, २०८१ को मस्यौदा उपर राय सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ। लगानी सहजीकरणका लागि औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन लगायतका लगानी सम्बद्ध कानूनहरु संशोधनको चरणमा रहेका छन्। वस्तु वा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सबकन्ट्रयाक्ट) सम्बन्धी मापदण्ड, २०८१ र कच्चापदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याइएको छ। उद्योग विभागले Nepal Investment Portal निर्माणको कार्य अगाडि बढाएको छ।

## ३. स्टार्टअप प्रवर्धन

### ३.१ स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधी २०८१ बमोजिम स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन तथा कर्जा सिफारिस:

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यक्रम २०८१ अन्तर्गत २०८१ भाद्र ११ गते प्रस्ताव आह्वान गरेकामा कुल ५,१५८ परियोजना प्रस्ताव प्राप्त भएकोमा प्राप्त परियोजना प्रस्तावको परियोजनाको नाम ठेगानासहितको सूची प्रतिष्ठानको वेबसाइटमा प्रकाशित गरिएको छ। मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी १,३१४ परियोजना योग्य सूचिमा परेको सूचना २०८१/०९/१९ मा प्रकाशित गरिएको छ। सूचिमा परेका परियोजनाहरुको व्यवसायिक योजना प्रस्तुतीकरण कार्य पौष २८, २०८१ बाट भैराखेको छ। गत आ.वा.मा प्रवाह गरेको स्टार्टअप कर्जा प्राप्त उद्यमीबाट २०८१ पुषसम्म सावाँ र ब्याज बापत उद्यमीबाट रु ८३ लाख प्राप्त भैसकेको।

### ३.२ व्यवसाय सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चलन सम्बन्धि अभिमूखिकरण कार्यक्रम:

बागमती प्रदेशको हेटौंडामा, सुदूरपश्चिम प्रदेशको धनगढीमा र गण्डकी प्रदेशको पोखरामा व्यवसाय सम्बर्द्धन केन्द्र स्थापना तथा सञ्चालन र स्टार्टअप उद्यम कर्जा कार्यक्रम सम्बन्धमा अभिभुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। अभिमुखीकरण कार्यक्रम प्रदेशका उद्योग क्षेत्र हेर्ने मन्त्रालयको सहकार्यमा, साझेदार संघसंस्थाहरु, शैक्षिक संस्थाहरु तथा निजी क्षेत्रका उद्यमी संस्थाहरुको प्रतिनिधि, स्टार्ट अप उद्यमी तथा सरकारी निकायका प्रतिनिधिहरुको उपस्थितीमा सम्पन्न गरिएको छ।

## ४. आपूर्ति तथा उपभोक्ता संरक्षण

उपभोक्ता अदालत गठनको लागि न्याय सेवा परिषद्बाट अदालतको अध्यक्ष तथा न्याय सेवा आयोगबाट अदालतको सदस्य सिफारिस भई कानून मन्त्रालयमार्फत स्वीकृतिका लागि पेश भएको छ।

## ५. वाणिज्य क्षेत्र

मिति २०८१ पौष २६ गते तदनुसार १० जनवरी २०२५ का दिन नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तर सरकारी समिति (Inter-Governmental Committee-IGC Meeting) को पहिलो दिनको बैठक काठमाण्डौमा सम्पन्न भयो। नेपाली बार्तादोलीको नेतृत्व बाणिज्य तथा आपूर्ति सचिव श्री गोविन्द बहादुर कार्की र भारतीय वार्ताटोलीको नेतृत्व भारतका वाणिज्य सचिव श्री सुनिल बर्थवालले गर्नु भएको थियो। दुवै पक्षका बार्तादोलीमा सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

उक्त बैठकमा दुबै पक्षको सहमतिमा तयार भएका व्यापार सन्धि, २००९, पारवहन सन्धि, २०२३ र अनधिकृत व्यापार नियन्त्रण सम्झौता, २००९ अन्तर्गतका विभिन्न विषयमा बृहत छलफल भयो। बैठकको क्रममा खास

गरी नेपाल भारतबीचको वाणिज्य सन्धी पुनरावलोकन गर्ने विषयमा चौथो चरणको बार्ता छिट्टै गर्ने, पारवहन सन्धीलाई कार्यान्वयनमा ल्याउन नेपालद्वारा प्रेषित लेटर अफ एक्चेन्जलाई छिट्टै निष्कर्षमा पुऱ्याउने, नेपालमा उत्पादित बस्तुहरू भारतमा निकासी गर्न आवश्यक पर्ने वि.आई.एस. प्रमाणपत्र प्राप्तिको प्रक्रियालाई छिटो छरितो बनाउने, भारतीय लगानीमा नेपालमा निर्माण भईरहेका आयोजनाहरूमा आवश्यक पर्ने उपकरण तथा अन्य सामाग्रीको आयातलाई सहजीकरण गर्ने, नेपालमा उत्पादन नहुने पशुजन्य खाद्य पदार्थको भारतबाट हुने आयातलाई सहजीकरण गर्ने, नेपालको गुणस्तर तथा नापतौल विभाग र भारतको Bureau of Indian Standards तथा नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतको Food Saftey and Standards Authority विच पारस्परिक सहयोग अभिवृद्धि गरी बस्तुको गुणस्तर निर्धारण तथा परिक्षण, प्रमाणीकरण र पारस्पारिक मान्यताको प्रक्रियालाई अगाडि बढाउने, औषधिको आयात निर्यातलाई व्यवस्थित गर्ने, भन्सार प्रक्रियालाई सहजीकरण गर्ने, दुबै पक्षका विषयगत संयन्त्रयहरु मार्फत सम्बन्धित विषयहरु समयमै टुङ्गयाउँदै जाने लगायतका विषयमा सहमति भएको छ।

मिति २०८१ पौष २४ गते (तदनुसार ८ जनवरी २०२५) माननीय उद्योग, बागिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग बिम्स्टेकका महासचिव महामहिम श्री इन्द्रमणि पाण्डेले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो।

भेटका क्रममा माननीय मन्त्रीज्यूले बिम्स्टेक स्वतन्त्र व्यापार क्षेत्रअन्तर्गत लगानी सम्बन्धी सम्झौता एउटा प्रमुख पूरक सम्झौता रहेको उल्लेख गर्दै नेपालमा जलविद्युत, पर्यटन, कृषि, पूर्वाधार, सूचना प्रविधि, निर्माण र सेवा क्षेत्रजस्ता विभिन्न क्षेत्रमा व्यापार र लगानीका लागि विविध अवसरहरू उपलब्ध रहेकोले छिमेकी राष्ट्रहरूबाट लगानीको सदैव स्वागत र प्रोत्साहन गर्ने नीति रहेको विचार व्यक्त गर्नुभयो।

त्यसैगरी, माननीय मन्त्रीज्यूले नेपालले सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुन लागिरहेको सन्दर्भमा त्यसलाई सहज तथा दिगो बनाउन थप स्रोत, प्रविधि र साझेदारी आवश्यक पर्ने उल्लेख गर्नुभयो। उहाँले नेपालजस्तै अति कम विकसित मुलुकबाट स्तरोन्नतिमा पुगेका वा पुग्दै गरेका मुलुकहरूको लागि अति कम विकसित मुलुकको रूपमा प्राप्त सुविधालाई निरन्तरता दिन जरुरी भएकोले सो सुविधा सुनिश्चित गर्दै संक्रमणकालीन अवधिभर उपलब्ध गराउने विषयमा महासचिवज्यूको रचनात्मक भूमिकाको अपेक्षा व्यक्त गर्नुभयो।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समिति (Inter-Governmental

Committee: (GC) को बैठक यही २०८१ पौष २६ र २७ (१०-११ जनवरी, २०२५) मा काठमाडौंमा सम्पन्न भयो। बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री गोविन्द बहादुर कार्की र भारतीय प्रतिनिधिमण्डलको नेतृत्व वाणिज्य तथा उद्योग मन्त्रालयका सचिव श्री सुनिल बर्थवालले गर्नुभएको थियो । बैठकमा दुवै देशका बाणिज्य, कृषि तथा खाद्य प्रविधि, गुणस्तर नियन्त्रण, क्वारेन्टाईन, भन्सार, औषधी व्यवस्था, सडक पूर्वाधार र रेल, ल्याण्ड पोर्ट लगायतका सरकारी निकायका प्रतिनिधिहरु सहभागी हुनुभएको थियो।

## ६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ स्थानीय तह मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को सहजीकरणका लागि ६ जिल्लाका स्थानीय तहमा अनुगमन गरिएको।

## ७. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरुः

### ७.१ स्टार्टअप, आईटी र हाइग्रोथ इन्टरप्राइजेज सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

मिति २०८१/०९/२२ गते सोमबारका दिन स्टार्टअप, आईटी र हाइग्रोथ इन्टरप्राइजेज- कानूनी र वित्तीय संरचनाहरुको अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा निजी क्षेत्रका छाता संगठनहरु, आईटीसँग सम्बन्धित संघसंस्था, प्राज्ञिक क्षेत्र लगायतका सरोकारवालासँग सुझाव/धारणा/ पृष्ठपोषण संकलन गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको।

### ७.२ सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग सम्बन्धी निर्देशिका, २०८१

स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई थप प्रभावकारी बनाउने उद्देश्यले "सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी निर्देशिका, २०८१" नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृति पश्चात राजपत्रमा प्रकाशित भई कार्यान्वनमा आएको छ। विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महंगो भएतापनि नेपाली मालसामाननै खरिद गर्नुपर्नेछ भन्ने सार्वनजनिक खरिद नियमावलीको व्यवस्थालाई कार्यान्वयनमा सहयोग पुर्‍याउन पनि निर्देशिकाको व्यवस्था गरिएको हो। यस अघि कार्यान्वयनमा रहेको सार्वजनिकनिकायमा स्वदेशी वस्तुको उपयोग

गर्ने सम्बन्धी निर्देशिका, २०७१ लाई खारेज गरी यो निर्देशिका जारी गरिएको हो। निर्देशिका कार्यान्वन गर्ने सम्बन्धमा सम्बन्धित सरकारी तथा निजीक्षेत्रका प्रतिनिधिसँग विभिन्न चरणमा छलफल, अन्तरक्रिया तथा सम्वाद गरिएको छ। साथै सार्वजनिक निकायहरुमा निर्देशिका कार्यान्वनका लागि परिपत्रसमेत भएको छ। निर्देशिकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले "नेपाली उत्पादन" नामक विद्युतीय पोर्टल बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरेबमोजिम पोर्टल निर्माणको क्रममा रहेको छ।

## ७.३ औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालक समितिको बैठक सम्पन्न

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५१ मा भएको व्यवस्था कार्यान्वयनका लागि सोही ऐनको दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट बाट मिति २०८१/८/२८ मा स्वीकृत "औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०८१" को दफा १६ मा व्यवस्था भएको कोष सञ्चालक समितिको बैठक समितिका अध्यक्ष तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग) सचिव श्री कृष्ण बहादुर राउतज्यूको अध्यक्षतामा मिति २०८१ माघ २ गते बसेको छ। समितिको बैठकबाट यस अघि कार्यान्वयनमा रहेका लघु, घरेलु तथा साना उद्योग विकास कोष, लघु, घरेलु तथा साना उद्योग प्रविधि (मेसन, उपकरण) हस्तान्तरण कोष, महिला उद्यमशीलता विकास कोष लगायत कोषहरुको अध्यावधिक अवस्थाको विवरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले पेश गर्न निर्णय भएको छ।

## सम्पादक मण्डल

- सहसचिव, श्री जितेन्द्र बस्नेत, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- कार्यक्रम निर्देशक, श्री गोकुल खड्का, राष्ट्रिय योजना आयोग
- उपसचिव, श्री शेखर पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उपसचिव (लेखा), श्री रुद्र बहादुर कार्की, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- शाखा अधिकृत, श्री राजन पराजुली, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय